# १. आर्थिक गतिविधि

## विश्व अर्थतन्त्र

### आर्थिक वृद्धिदर

१.१. सन् २००७ मा ५.२ प्रतिशत र सन् २००८ मा ३.० प्रतिशतले वृद्धि भएको विश्व उत्पादन सन् २००९ मा ०.६ प्रतिशतले ऋणात्मक हुने अनुमान छ। यस्तो वृद्धिदर सन् २०१० मा ४.२ प्रतिशत तथा सन् २०११ मा ४.६ प्रतिशत हुने प्रक्षेपण रहेको छ। विश्वव्यापी वित्तीय सङ्कट पश्चात् कुल गार्हस्थ्य मागमा ह्रास आएका कारण निर्यात तथा आयात दुवैमा संकुचन आई वृद्धिदर नकारात्मक हुने अनुमान गरिएको हो। सन् २००७ को सुरुबाट देखापरेको अमेरिकी वित्तीय सङ्कटको असर क्रमशः कम हुँदै गएको तथा आउँदा वर्षहरूमा केही सुधार हुने संकेत पनि मिलेको छ। विकसित अर्थतन्त्रहरू, उदीयमान तथा विकासशील अर्थतन्त्रहरू, विकासोन्मुख एसिया, मध्य पूर्व तथा उत्तर अफ्रिकी मुलुकहरू, मध्य तथा पुर्वी युरोपेली मुलुकहरू र नवऔद्योगिक एसियाली अर्थतन्त्रहरू यी सबै समूहहरूमा आर्थिक वृद्धिदर सन् २००७ को तुलनामा सन् २००८ मा र सन् २००८ को तुलनामा सन् २००९ मा अझ कम हुने अनुमान रहेको छ। विकसित अर्थतन्त्रहरू, मध्य तथा पुर्वी युरोपेली मुलुकहरू र नवऔद्योगिक एसियाली अर्थतन्त्रहरूमा सन् २००९ मा आर्थिक वृद्धिदर ऋणात्मक हुने देखिएको छ। विश्वको आर्थिक वृद्धिदरलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका १ (क) : विश्वको आर्थिक वृद्धिदर**

(वार्षिक प्रतिशत परिवर्तन)

| | 2007 | 2008 | 2009 | प्रक्षेपण | |
|---|---|---|---|---|---|
| | | | | 2010 | 2011 |
| विश्वको उत्पादन | 5.2 | 3.0 | -0.6 | 4.2 | 4.6 |
| विकसित अर्थतन्त्रहरू | 2.8 | 0.5 | -3.2 | 2.3 | 2.4 |
| उदीयमान तथा विकासशील अर्थतन्त्रहरू | 8.3 | 6.1 | 2.4 | 6.3 | 6.5 |
| विकासोन्मुख एसिया | 10.6 | 7.9 | 6.6 | 8.7 | 8.7 |
| मध्य पूर्व तथा उत्तर अफ्रिकी मुलुकहरू | 5.6 | 5.1 | 2.4 | 4.5 | 4.8 |
| मध्य तथा पुर्वी युरोपेली मुलुकहरू | 5.5 | 3.0 | -3.7 | 2.8 | 3.4 |
| नवऔद्योगिक एसियाली अर्थतन्त्रहरू | 5.7 | 1.8 | -0.9 | 5.2 | 4.9 |

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व आर्थिक परिदृष्य (World Economic Outlook), २००९ र २०१०

## उपभोक्ता मूल्य

१.२. धेरैजसो विकसित तथा विकासोन्मुख देशहरूले आर्थिक मन्दीको गहिरो प्रतिकूल असरबाट आफ्नो अर्थतन्त्र जोगाउन लचिलो मौद्रिक नीति र सरकारी वित्त नीति अंगिकार गरेका थिए। अर्थतन्त्रको पुनरुत्थान तथा आर्थिक मन्दीबाट अर्थतन्त्र उकास्न यस किसिमका नीतिगत राहतका कार्यक्रमहरूलाई अझै केही समयका लागि निरन्तरता दिनुपर्ने आवश्यकता समेत महशुस गरिएको छ। विशेषगरी विकासोन्मुख एसिया तथा विकासोन्मुख र विकासशील देशहरूमा देखिएको उच्च पुनरुत्थानका कारण वस्तुहरूको मागमा भएको वृद्धिको फलस्वरुप मूल्य पनि बढ्दै गएको छ। सन् २०१० मा पनि मूल्य बढ्दै जाने अनुमान रहेको छ। सन् २००८ मा विकसित अर्थतन्त्रहरूको आर्थिक वृद्धिदर ०.५ प्रतिशत रहेको अवस्थामा मुद्रास्फीतिदर ३.४ प्रतिशत रहेको थियो भने सन् २००९ मा आर्थिक वृद्धिदर ३.२ प्रतिशतले ऋणात्मक हुँदाको अवस्थामा पनि मुद्रास्फीतिदर ०.१ प्रतिशत रहेको थियो। त्यस्तै, उदीयमान तथा विकासशील अर्थतन्त्रहरूको आर्थिक वृद्धिदर तथा मुद्रास्फीतिदर बीचको प्रकृति पनि यस्तै देखिएको छ। निम्न तालिकाबाट मुद्रास्फीतिदरको यो प्रवृत्तिवारे स्पष्ट हुन्छ।

**तालिका १(ख): उपभोक्ता मूल्यमा आधारित मुद्रास्फीतिदर**

(वार्षिक प्रतिशत परिवर्तन)

| | 2007 | 2008 | 2009 | प्रक्षेपण | |
|---|---|---|---|---|---|
| | | | | 2010 | 2011 |
| विकसित अर्थतन्त्रहरू | 2.2 | 3.4 | 0.1 | 1.5 | 1.4 |
| उदीयमान तथा विकासशील अर्थतन्त्रहरू | 6.5 | 9.2 | 5.2 | 6.2 | 4.7 |
| विकासोन्मुख एसिया | 5.4 | 7.4 | 3.1 | 5.9 | 3.7 |
| मध्य पूर्व तथा उत्तर अफ्रिकी मुलुकहरू | 10.0 | 13.5 | 6.6 | 6.5 | 6.4 |
| मध्य तथा पुर्वी युरोपेली मुलुकहरू | 6.0 | 8.1 | 4.7 | 5.2 | 3.6 |

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व आर्थिक परिदृष्य, २००९ र २०१०

## कुल यथार्थ गार्हस्थ्य माग

१.३. विश्व अर्थव्यवस्थामा आर्थिक वृद्धिदर तथा मुद्रास्फीतिदरको प्रभाव कुल यथार्थ गार्हस्थ्य मागमा प्रतिविम्वित हुने गर्दछ। रोजगारीका अवसरहरू कम हुने भएकोले जनताको आयमा प्रतिकूल प्रभाव पर्न गई उपभोग तथा लगानी दुवै उद्देश्यको निम्ति आन्तरिक तथा वाह्य वस्तु तथा सेवाको माग कम हुन गई कुल मागमा कमी आउँछ र अर्थव्यवस्थाको गतिशीलता कुण्ठित हुन्छ। केही विकसित तथा नव औद्योगिक एसियाली अर्थतन्त्रहरूमा कुल मागमा देखिएको प्रक्षेपित परिवर्तन तालिका १(ग) बाट स्पष्ट हुन्छ।

## तालिका १(ग): कुल आन्तरिक (गार्हस्थ्य) माग

(वार्षिक प्रतिशत परिवर्तन)

| | 2007 | 2008 | 2009 | प्रक्षेपण | |
|---|---|---|---|---|---|
| | | | | 2010 | 2011 |
| विकसित अर्थतन्त्रहरू | 2.8 | 0.5 | -3.2 | 2.3 | 2.4 |
| संयुक्त राज्य अमेरिका | 2.1 | 0.4 | -2.4 | 3.1 | 2.6 |
| यूरो देशहरू | 2.8 | 0.6 | -4.1 | 1.0 | 1.5 |
| बेलायत | 2.6 | 0.5 | -4.9 | 1.3 | 2.5 |
| क्यानडा | 2.5 | 0.4 | -2.6 | 3.1 | 3.2 |
| नवऔद्योगिक एसियाली अर्थतन्त्रहरू | 5.8 | 1.8 | -0.9 | 5.2 | 4.9 |

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व आर्थिक परिदृष्य, २०१०

१.४ विकसित अर्थतन्त्रहरूको समग्र मागमा हुने कमीबाट आर्थिक क्रियाकलापहरूको गतिशीलता कम हुने र रोजगारीमा कटौती हुने देखिन्छ। फलस्वरुप, विदेशी श्रमिकहरूको मागमा समेत कटौती हुने भएकोले विकासोन्मुख देशहरूबाट ती देशहरूमा कार्यरत श्रमिकहरूको मागमा कटौती हुन जान्छ। विकाशोन्मुख देशहरूको आय स्रोतको उल्लेख्य हिस्सा रहँदै आएको विप्रेषण आप्रवाह कम हुन गई समष्टिगत आर्थिक सन्तुलन समेत विग्रिन सक्ने सम्भावना ती देशहरूको निम्ति चिन्ताको विषय हुने गर्दछ। साथै, उपभोग्य सामानको मागमा कटौती हुन सक्ने भएकोले विकासोन्मुख अर्थतन्त्रहरूबाट विकसित अर्थतन्त्रहरूमा हुने गरेको निर्यात निकै घट्न सक्नेछ। अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०१० मा समेत विकसित अर्थतन्त्रहरूको समग्र आन्तरिक मागमा कुनै सुधार नआउने र सो वर्षको मागको स्तर सन् २००७ को भन्दा कम रहने प्रक्षेपण गरेको छ।

१.५ विश्व अर्थव्यवस्थामा देखिएको वित्तीय तथा आर्थिक सङ्कटको प्रभाव विश्व व्यापारमा स्पष्टरुपमा देखिएको छ। केही समयसम्म उकालो लाग्दै गरेको पेट्रोलियम पदार्थ तथा खाद्य पदार्थहरूको मूल्यले विश्व व्यापारको वृद्धिदरमा पारेको प्रतिकूल प्रभाव तालिका १(घ) बाट स्पष्ट हुन्छ। सन् २००७ मा विकसित अर्थतन्त्रहरूको निर्यात ६.३ प्रतिशत र उदीयमान तथा विकासशील अर्थतन्त्रहरूको निर्यात ९.७ प्रतिशतले वृद्धि भएकोमा सन् २००८ र सन् २००९ दुवै वर्षहरूमा यी दुई समूहहरूमा निर्यात वृद्धिदर घट्ने क्रम रह्यो। अन्तर्राष्ट्रिय मुद्रा कोषले गरेको प्रक्षेपणमा सन् २०१० मा विकसित अर्थतन्त्रहरूको निर्यात ६.६ प्रतिशत र उदीयमान तथा विकासशील अर्थतन्त्रहरूको निर्यात ८.३ प्रतिशतले वृद्धि हुने देखिएको छ। सन् २००७ मा आयातको वृद्धिदर विकसित अर्थतन्त्रहरूको हकमा ४.७ प्रतिशत रहेको थियो भने उदीयमान तथा विकासशील अर्थतन्त्रहरूको हकमा १२.७ प्रतिशत रहेको थियो। दुवै समूहका अर्थतन्त्रहरूमा सन् २००७ को तुलनामा सन् २००८ मा आयातको वृद्धिदर घटेको थियो भने सन् २००९ मा यस्तो वृद्धिदर ऋणात्मक रहेको छ। सन् २०१० र सन् २०११ मा भने निर्यात तथा आयात दुवैमा सामान्य सुधार हुँदै जाने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण रहेको छ।

## तालिका १(घ): विश्व व्यापार

(वार्षिक प्रतिशत परिवर्तन)

**विश्व व्यापारको आयतन (संक्षेपमा)**

| | 2007 | 2008 | 2009 | प्रक्षेपण | |
|---|---|---|---|---|---|
| | | | | 2010 | 2011 |
| विश्वको व्यापार आयतन (वस्तु र सेवा) | 7.2 | 2.8 | -10.7 | 7.0 | 6.1 |
| निर्यात | | | | | |
| विकसित अर्थतन्त्रहरू | 6.3 | 1.9 | -11.7 | 6.6 | 5.0 |
| उदीयमान तथा विकासशील अर्थतन्त्रहरू | 9.7 | 4.0 | -8.2 | 8.3 | 8.4 |
| आयात | | | | | |
| विकसित अर्थतन्त्रहरू | 4.7 | 0.6 | -12.0 | 5.4 | 4.6 |
| उदीयमान तथा विकासशील अर्थतन्त्रहरू | 12.7 | 8.5 | -8.4 | 9.7 | 8.2 |

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व आर्थिक परिदृष्य, २०१०

## छिमेकी अर्थतन्त्रहरूको आर्थिक वृद्धिदर

१.६ आर्थिक वृद्धिदरका हिसावले नेपालका छिमेकी देशहरू चीन तथा भारतको निम्ति सन् २००७ र २००८ उत्साहजनक वर्षहरूका रुपमा नै रहेको देखिन्छ। ती दुई वर्षहरूमा क्रमशः १३.० प्रतिशत र ९.६ प्रतिशतको वृद्धिदर हासिल गर्न चीन सफल रह्यो भने भारतले पनि ९.४ प्रतिशत र ७.३ प्रतिशतको वृद्धिदर हासिल गऱ्यो। सन् २००९ मा भने यस्तो वृद्धिदरमा केही कमी आई चीन र भारतमा क्रमशः ८.७ प्रतिशत र ५.७ प्रतिशत रहने अनुमान छ। उपरोक्त वर्षहरूमा दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठनका अन्य मुलुकहरूमा पनि वृद्धिदर मिश्रीत प्रवृत्तिको देखिएतापनि धेरैजसो मुलुकहरूमा सन् २००८ को तुलनामा सन् २००९ मा यस्तो वृद्धिदरमा कमी आएको देखिन्छ।

## तालिका १ (ङ) : छिमेकी मुलुकहरूको आर्थिक वृद्धिदर

(वार्षिक प्रतिशत परिवर्तन)

| | 2007 | 2008 | 2009 | प्रक्षेपण | |
|---|---|---|---|---|---|
| | | | | 2010 | 2011 |
| चीन | 13.0 | 9.6 | 8.7 | 10.0 | 9.9 |
| अफगानिस्तान | 14.2 | 3.4 | 22.5 | 8.6 | 7.0 |
| बंगलादेश | 6.3 | 6.0 | 5.4 | 5.4 | 5.9 |
| भुटान | 19.7 | 5.0 | 6.3 | 6.8 | 6.6 |
| भारत | 9.4 | 7.3 | 5.7 | 8.8 | 8.4 |
| माल्दिब्स | 7.2 | 6.3 | -3.0 | 3.4 | 3.7 |
| पाकिस्तान | 5.6 | 2.0 | 2.0 | 3.0 | 4.0 |
| श्रीलंका | 6.8 | 6.0 | 3.5 | 5.5 | 6.5 |
| नेपाल | 3.3 | 5.3 | 4.7 | 3.0 | 4.0 |

स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व आर्थिक परिदृष्य, २०१०

## राष्ट्रिय आर्थिक गतिविधि

१.७ चालु आर्थिक वर्ष २०६६/६७ मा कुल गार्हस्थ्य उत्पादन ५.५ प्रतिशतले बढ्ने लक्ष्य निर्धारण गरिएकोमा उत्पादकको मूल्यमा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ३.५ प्रतिशत मात्र हुने अनुमान छ। गत आर्थिक वर्ष २०६५/६६ मा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ४.० प्रतिशत रहेको संशोधित अनुमान छ। लक्ष्यको तुलनामा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर कम हुनुमा विभिन्न आन्तरिक तथा वाह्य कारकहरूको प्रभाव रहेको छ। आन्तरिक कारणहरूमध्ये मौसमी प्रतिकूलताको कारण खासगरी वर्षे वालीको उत्पादनमा ह्रास आएकोले कृषि उत्पादन वृद्धिदर सामान्य मात्र रहने अनुमान छ। त्यस्तै, विभिन्न समयमा हुने गरेका बन्द, हडताल, श्रम समस्या, विद्युत आपूर्तिमा कमी तथा बाह्य बजारको संकुचनका कारण गैरकृषि क्षेत्रका आर्थिक क्रियाकलापहरूको विस्तारमा समेत सोचे जस्तो अनुकूल प्रभाव पर्न सकेन।



चार्ट १(क): कुल गार्हस्थ्य उत्पादनको वार्षिक वृद्धिदर

## कृषि क्षेत्र

१.८ आर्थिक वर्ष २०५७/५८ को मूल्यमा कृषि क्षेत्र (कृषि तथा वन) को उत्पादन चालु आर्थिक वर्षमा १.१ प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ। गत आर्थिक वर्षमा यस्तो वृद्धिदर ३.० प्रतिशत थियो। चालु वर्ष कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३३.० प्रतिशत रहने अनुमान छ। गत वर्ष यस्तो योगदान ३२.१ प्रतिशत रहेको थियो।

१.९ मौसमको प्रतिकुलताको कारण वर्षे बालीको उत्पादनमा ह्रास आएकोले कृषि क्षेत्रको वृद्धिदरमा कमी आएको हो। कृषि उत्पादन सूचकांकको आधारमा अघिल्लो वर्षको उत्पादनसँग तुलनात्मक अध्ययन गर्दा खाद्यान्न बालीको उत्पादनमा ५.८ प्रतिशतले कमी आउने अनुमान छ। यसमा पनि धानको उत्पादनमा ११.१ प्रतिशत तथा मकैको उत्पादनमा ३.९ प्रतिशतले ह्रास आउने अनुमान छ। तरकारीको उत्पादन भने अघिल्लो वर्षको तुलनामा ७.३ प्रतिशतले वृद्धि हुने अनुमान छ। यसैगरी अन्य उत्पादनहरू फलफूल, मासु तथा दुधमा क्रमशः २२.० प्रतिशत, २.७ प्रतिशत र ४.१ प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ। वन पैदावर उत्पादन चालु आर्थिक वर्षमा ०.३ प्रतिशतले घट्ने प्रारम्भिक अनुमान रहेको छ।

**मत्स्यपालन**

१.१० मत्स्यपालन क्षेत्रमा आर्थिक वर्ष २०६५/६६ को तुलनामा आर्थिक वर्ष २०६६/६७ मा ५.३ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान गरिएको छ। अघिल्लो वर्ष यस्तो उत्पादन ५.७ प्रतिशतले वृद्धि भएको थियो। यो उपक्षेत्रले विगत ५ वर्षमा ६.२ प्रतिशतको औषत वृद्धिदर हासिल गरेको देखिन्छ।

## गैर कृषि क्षेत्र

१.११ चालु आर्थिक वर्ष २०६६/६७ मा गैरकृषि क्षेत्रको वृद्धिदर ५.१ प्रतिशत रहेको अनुमान छ। यो वृद्धिदर गत वर्षको ५.७ प्रतिशतको तुलनामा केही कम रहेको छ। गैरकृषि क्षेत्रको वृद्धिदर कम हुनुमा ऊर्जा आपूर्तिमा देखिएको कमी मुख्य कारकको रुपमा देखिएको छ। ज्यादै न्यून वृद्धिदर हासिल गर्ने एउटा उपक्षेत्र विद्युत, ग्याँस तथा पानी हो भने अर्को उपक्षेत्र वित्तीय मध्यस्थता हो। चालु आर्थिक वर्षमा यी उपक्षेत्रहरूको वृद्धिदर क्रमशः ०.५ प्रतिशत र १.६ प्रतिशत मात्र हुने अनुमान छ। गत आर्थिक वर्षमा पनि यी उपक्षेत्रहरूको वृद्धिदर न्यून (क्रमशः ऋणात्मक ०.९ प्रतिशत र १.५ प्रतिशत) रहेको थियो।

## होटल र रेष्टुरेन्ट

१.१२ कुल गार्हस्थ्य उत्पादनका १५ वटा उपक्षेत्रहरूमध्ये यस उपक्षेत्रको वृद्धिदर चालु आर्थिक वर्षमा सबैभन्दा उच्च ८.५ प्रतिशत रहने अनुमान छ। गत वर्ष यो उपक्षेत्रले ३.० प्रतिशतको वृद्धिदर हासिल गरेको थियो। चालु आर्थिक वर्षमा यो उपक्षेत्रको वृद्धिदर उल्लेख्य रहनुमा विश्वव्यापी वित्तीय सङ्कट तथा आर्थिक मन्दीको प्रभावमा क्रमशः कमी आएको र पर्यटन क्षेत्रमा देखिएको सकारात्मक प्रभाव हो। शान्ति सुरक्षामा आएको सुधारले पर्यटक आगमनमा वृद्धि भएको र यो उपक्षेत्रको गार्हस्थ्य उत्पादनको वृद्धिदर बढ्न गएको अनुमान छ। यो उपक्षेत्रले विगत ५ वर्षमा ५.६ प्रतिशतको औषत वृद्धिदर हासिल गरेको भएतापनि कुल गार्हस्थ्य उत्पादनतर्फको योगदान २.० प्रतिशत भन्दा कम छ।

## निर्माण क्षेत्र

१.१३ यस उपक्षेत्रको वृद्धिदर गत आर्थिक वर्षको ०.९ प्रतिशतको तुलनामा ६.६ प्रतिशत रहने अनुमान रहेको छ। काठमाडौं उपत्यका तथा अन्य शहरी क्षेत्रहरूमा निजी तथा सार्वजनिक क्षेत्रबाट वासस्थान, आवासीय क्षेत्र तथा कार्यालयहरूको निर्माण कार्य तीव्र गतिमा भएकोले समग्र निर्माण क्षेत्रको वृद्धि सन्तोषजनक रहेको अनुमान छ। यो उपक्षेत्रको विगत ५ वर्षको उपलब्धि पनि सन्तोषजनक रहेको छ। अर्थात एकातिर ४.५ प्रतिशतको औषत वृद्धिदर हासिल गरेको छ भने अर्कोतिर कुल गार्हस्थ्य उत्पादनमा औषत ६.७ प्रतिशत योगदान पुऱ्याएको छ। बैंकिङ्ग क्षेत्रको रियल स्टेट तथा आवाशीय घरकर्जामा भएको विस्तारले यो उपक्षेत्रको वृद्धिमा प्रत्यक्षरुपमा योगदान पुऱ्याएको देखिन्छ।

## यातायात, सञ्चार तथा भण्डारण

१.१४ आर्थिक वर्ष २०६६/६७ मा यस उपक्षेत्रको गार्हस्थ्य उत्पादनको वृद्धिदर ६.५ प्रतिशत रहने अनुमान छ। गत वर्ष पनि यस उपक्षेत्रले ७.६ प्रतिशतको वृद्धिदर हासिल गरेको थियो। खासगरी संचारतर्फ क्रमिकरुपमा हुँदै गएको विस्तारको फलस्वरुप यो उपक्षेत्रले सन्तोषजनक वृद्धि हासिल गर्न सकेको हो। बन्द तथा लोडसेडिङ्गको प्रभावले गर्दा यस वर्षको वृद्धिदरमा सामान्य कमी आउने अनुमान रहेको छ। यो उपक्षेत्रको विगत ५ वर्षको उपलब्धि पनि उल्लेख्य रहेको छ। अर्थात् एकातिर ७.१ प्रतिशतको औषत वृद्धिदर हासिल गरेको छ भने अर्कोतिर कुल गार्हस्थ्य उत्पादनमा औषत ९.९ प्रतिशत योगदान पुऱ्याएको छ।

## शिक्षा

१.१५ सामाजिक पूर्वाधार विकास तथा जनशक्तिको गुणात्मक वृद्धिको लक्ष्य लिएर सरकारले गरेको शिक्षातर्फको लगानी विस्तार तथा निजी क्षेत्रले समेत यस उपक्षेत्रको विस्तारमा पुऱ्याएको योगदानको फलस्वरुप चालु आर्थिक वर्ष २०६६/६७ मा यस उपक्षेत्रको उत्पादनको वृद्धिदर ६.५ प्रतिशत हुने अनुमान छ। गत आर्थिक वर्षमा यस उपक्षेत्रले ११.३ प्रतिशतको वृद्धि हासिल गरेको तुलनामा चालु आर्थिक वर्षमा केही कमी आएतापनि वृद्धिदर सन्तोषजनक नै रहेको छ। यो उपक्षेत्रको विगत ५ वर्षको उपलब्धि पनि उल्लेख्य रहेको छ। अर्थात् एकातिर ७.१ प्रतिशतको औषत वृद्धिदर हासिल गरेको छ भने अर्कोतिर कुल गार्हस्थ्य उत्पादनमा औषत ६.२ प्रतिशत योगदान पुऱ्याएको छ।

## थोक तथा खुद्रा व्यापार

१.१६ चालु आर्थिक वर्षमा यस उपक्षेत्रको वृद्धिदर सन्तोषजनक रहेको अनुमान छ। गत वर्ष ५.९ प्रतिशतले वृद्धि भएको यो उपक्षेत्रको उत्पादन चालु आर्थिक वर्षमा ५.६ प्रतिशतले बढ्ने अनुमान छ। यो उपक्षेत्रले विगत ५ वर्षमा गैरकृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी १३.७ प्रतिशतको उल्लेखनीय योगदान रहेतापनि यसको औषत वृद्धिदर भने २.३ प्रतिशत मात्र रहेको छ।

## रियलस्टेट, भाडा तथा व्यावसायिक सेवाहरू

१.१७ चालु आर्थिक वर्षमा यस उपक्षेत्रको उत्पादन ४.९ प्रतिशतले वृद्धि हुने अनुमान छ। गत वर्ष यो उपक्षेत्रले १.८ प्रतिशतको न्यून वृद्धिदर हासिल गरेको थियो। उत्पादनशील क्षेत्र फष्टाउन नसकेको भएतापनि आवास परियोजनाहरूको निर्माणमा आएको विस्तारले रियलस्टेट तथा व्यावसायिक सेवाहरूमा सकारात्मक प्रभाव परेको अनुमान छ। यो उपक्षेत्रले विगत पाँच वर्षमा ७.० प्रतिशतको औषत वृद्धिदर हासिल गरेको छ भने कुल गार्हस्थ्य उत्पादनमा पनि औषत ९.२ प्रतिशत योगदान पुऱ्याएको छ।

## खानी तथा उत्खनन्

१.१८ गैर कृषि क्षेत्र अन्तर्गत समाहित विभिन्न उपक्षेत्रहरू मध्ये खानी तथा उत्खनन् क्षेत्र अघिल्लो वर्ष ०.७ प्रतिशतले बढेकोमा चालु आर्थिक वर्ष ४.२ प्रतिशतले वृद्धि हुने

अनुमान रहेको छ। यो उपक्षेत्रले विगत पाँच वर्षमा ४.० प्रतिशतको औषत वृद्धिदर हासिल गरेको देखिन्छ।

## उद्योग

१.१९ गैर कृषि क्षेत्र अन्तर्गत समाहित विभिन्न उपक्षेत्रहरू मध्ये उत्पादन उद्योगको प्रगति सामान्य रह्यो। गत वर्षको तुलनामा यसको उत्पादन २.६ प्रतिशतले बढ्ने अनुमान छ। गत वर्ष यो उपक्षेत्रको वृद्धिदर १.० प्रतिशतले ऋणात्मक रहेको थियो। औद्योगिक उत्पादन सूचकांक अनुसार बिस्कुट, फलामे छड, हल्का पेय पदार्थ, नुडल्स जस्ता वस्तुको उत्पादनमा आएको वृद्धिले उद्योग क्षेत्रको कुल गार्हस्थ्य उत्पादन बढ्ने अनुमान रहेको छ। यो उपक्षेत्रले विगत ५ वर्षमा औषतमा ७.१ प्रतिशतको योगदान गरेतापनि औषत वृद्धिदरको हिसावले सबैभन्दा कम अर्थात् १.१ प्रतिशत मात्र हासिल गरेको देखिन्छ।

## विद्युत ग्याँस तथा पानी

१.२० यस क्षेत्रको उत्पादनमा अघिल्लो आर्थिक वर्षको तुलनामा ०.५ प्रतिशतले वृद्धि हुने अनुमान छ। गत वर्ष यस क्षेत्रको उत्पादन ०.९ प्रतिशतले ऋणात्मक रहेको थियो। यो उपक्षेत्रले विगत ५ वर्षमा ३.५ प्रतिशतको औषत वृद्धिदर हासिल गरेतापनि कुल गार्हस्थ्य उत्पादनमा यसको योगदान कमै देखिन्छ।

## वित्तीय मध्यस्थता

१.२१ चालु आर्थिक वर्षमा यस उपक्षेत्रको उत्पादनको वृद्धिदर १.६ प्रतिशत मात्र रहने अनुमान छ। गत वर्ष यस उपक्षेत्रले १.५ प्रतिशत वृद्धिदर हासिल गर्न सकेको थियो। समीक्षा अवधिमा आर्थिक क्रियाकलापका विभिन्न क्षेत्रहरूले भोग्नुपरेको ऊर्जा सङ्कट तथा अन्य गैरआर्थिक व्यवधानहरूले गर्दा वित्तीय मध्यस्थताको गतिमा खासै सुधार आउन नसकेको हो। तर वित्तीय मध्यस्थताले विगत ५ वर्षमा ९.६ प्रतिशतको उल्लेखनीय औषत वृद्धिदर हासिल गरेकोले देशको आर्थिक वृद्धिमा यो उपक्षेत्रको योगदान महत्वपूर्ण देखिन्छ।

## सार्वजनिक प्रशासन र रक्षा

१.२२ सार्वजनिक प्रशासन र रक्षामा गरिएको सरकारको बजेट तथा खर्चको आधारमा तयार गरिएको अनुमान अनुसार यस उपक्षेत्रले ४.२ प्रतिशतको वृद्धिदर हासिल गर्ने अनुमान छ। गत आर्थिक वर्षमा यस उपक्षेत्रको वृद्धिदर ७.३ प्रतिशत रहेको थियो। त्यस्तै विगत ५ वर्षको यो उपक्षेत्रको वृद्धिदर औषतमा ४.१ प्रतिशत रहेको छ।

## स्वास्थ्य र सामाजिक कार्य

१.२३ आर्थिक वर्ष २०६६/६७ मा यस उपक्षेत्र ५.६ प्रतिशतले बढ्यो। गत आर्थिक वर्षमा यस्तो वृद्धिदर ११.२ प्रतिशत थियो। जनतालाई स्वास्थ्य सेवा उपलव्ध गराउँदै जाने

सरकारी प्रतिबद्धता अनुरूपको खर्च र निजी स्वास्थ्य सेवाको कारोवार बढेको कारणले गर्दा यो उपक्षेत्रको उत्पादन बढ्ने अनुमान गरिएको हो ।

## अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाहरू

१.२४ चालु आर्थिक वर्ष यस उपक्षेत्रको उत्पादन ६.१ प्रतिशतले वृद्धि हुने अनुमान रहेको छ। गत वर्ष यो उपक्षेत्रले १३.० प्रतिशतको उत्साहजनक वृद्धि हासिल गरेको थियो। यस उपक्षेत्र भित्र सरकारले प्रदान गर्ने सामुदायिक सेवा तथा अन्य सामाजिक र व्यावसायिक सेवाहरू पर्दछन्। यो उपक्षेत्रले विगत ५ वर्षमा सबैभन्दा बढी अर्थात् १०.२ प्रतिशतको औषत वृद्धिदर हासिल गर्न सक्षम भएको छ।

## क्षेत्रगत विवरण

१.२५ पछिल्ला वर्षहरूको प्रवृति केलाउंदा प्राथमिक क्षेत्रको गार्हस्थ्य उत्पादनको वृद्धिदर चालु आर्थिक वर्ष २०६६/६७ मा १.२ प्रतिशत रहेको अनुमान छ। गत वर्ष यो क्षेत्रको वृद्धिदर ३.० प्रतिशत थियो। द्वितीय क्षेत्र भित्र औद्योगिक उत्पादन, विद्युत, ग्यास तथा पानी र निर्माण पर्दछन्। यस क्षेत्रको गार्हस्थ्य उत्पादनको वृद्धिदर चालु आर्थिक वर्षमा ३.९ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्षमा यो क्षेत्रको वृद्धिदर ०.३ प्रतिशतले ऋणात्मक रहेको थियो। त्यसैगरी, तृतीय क्षेत्र अन्तर्गत सेवा क्षेत्रहरू पर्दछन्। चालु आर्थिक वर्षमा तृतीय क्षेत्रको वृद्धि ५.५ प्रतिशत हुने अनुमान छ। गत आर्थिक वर्षमा यो क्षेत्रले ६.३ प्रतिशतको वृद्धिदर हासिल गरेको थियो।



चार्ट १(ख): कुल गार्हस्थ्य उत्पादनको वार्षिक वृद्धिदर (प्रतिशतमा)

## कुल गार्हस्थ्य उत्पादनको संरचना

१.२६ आर्थिक संरचनाको पछिल्लो स्थिति अवलोकन गर्दा आर्थिक वर्ष २०५७/५८ मा कुल गार्हस्थ्य उत्पादन अनुमानको नयाँ श्रृंखला सुरु गरेपछिका ९।१० वर्षमा नेपाली अर्थतन्त्रको उत्पादन संरचनामा केही परिवर्तन आएको छ। यस अवधिमा कुल मूल्य अभिवृद्धिमा प्राथमिक क्षेत्र (कृषि, वन र मत्स्यपालन) को योगदान २०५७/५८ को ३७.० प्रतिशतबाट २.९ प्रतिशत विन्दुले घटी २०६६/६७ मा ३४.१ प्रतिशतमा झर्ने अनुमान छ। प्राथमिक क्षेत्र भित्रको योगदानमा कृषि तथा वन उपक्षेत्रको योगदान ३.१

प्रतिशत विन्दुले घटी ३३.० प्रतिशतमा झरेको छ भने मत्स्यपालन उपक्षेत्रको योगदान ०.१ प्रतिशत विन्दुले बढेर ०.५ प्रतिशत पुगेको छ ।

१.२७ कुल गार्हस्थ्य उत्पादनमा खानी तथा उत्खनन्, प्रशोधन उद्योग, विद्युत, ग्यास तथा पानी र निर्माण सम्मिलित द्वितीय क्षेत्र (जसलाई उद्योग समूह पनि भनिन्छ) को अंश वा योगदान पनि २०५७/५८ को तुलनामा २.५ प्रतिशत विन्दुले घटी २०६६/६७ मा १४.४ प्रतिशत रहने अनुमान रहेको छ । यसको मूल कारण प्रशोधन उद्योगको योगदानमा २.८ प्रतिशत विन्दुको कमी आई २०६६/६७ मा ६.३ प्रतिशतमा ओर्लनु हो ।

१.२८ कुल गार्हस्थ्य उत्पादनका ब्यापार; होटल; यातायात, संचार तथा भण्डारण; वित्तीय मध्यस्थता; घरजग्गाको कारोवार; सार्वजनिक प्रशासन र रक्षा; शिक्षा, स्वास्थ्य, र अरु सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवा सहित नौ उपक्षेत्रलाई समष्टिगतरुपमा सेवा वा अन्य (Tertiary) क्षेत्र भनिन्छ । यस क्षेत्रको योगदान भने ५.४ प्रतिशत विन्दुले बढी २०६६/६७ मा ५१.५ प्रतिशत पुग्ने अनुमान गरिएको छ । यी उपक्षेत्रमध्ये शिक्षाको योगदान २.६ प्रतिशत विन्दु, यातायात तथा संचारको २.४ प्रतिशत विन्दु र वित्तीय मध्यस्थताको योगदान १.४ प्रतिशत विन्दुले बढेको छ भने थोक तथा खुद्रा ब्यापारको योगदान २.५ प्रतिशत विन्दुले घटेको छ । यसबाट वस्तु भन्दा सेवाको उत्पादनले बढी प्रश्रय पाएको देखिन्छ ।

१.२९ कुल गार्हस्थ्य उत्पादनको ISIC वर्गीकरण अनुसार उत्पादकको मूल्यमा कृषि क्षेत्रको हिस्सा ३४.१ प्रतिशत र गैर कृषि क्षेत्रको हिस्सा ६५.९ प्रतिशत रहेको अनुमान छ । समग्रमा हेर्दा गत आर्थिक वर्षमा पनि कृषि क्षेत्रको हिस्सा ३३.२ र र गैर कृषि क्षेत्रको हिस्सा ६६.८ रहेको हुँदा दुई वर्ष बीच समग्र संरचनामा खास भिन्नता नरहेको देखिन्छ । चालु आर्थिक वर्षमा अघिल्लो वर्षको तुलनामा यस्तो हिस्सामा वृद्धि हुने उपक्षेत्रहरूमा कृषि तथा वन, मत्स्यपालन, थोक तथा खुद्रा ब्यापार, होटल तथा रेष्टुरेण्ट र सार्वजनिक प्रशासन तथा रक्षा रहेका छन् भने कमी आउने उपक्षेत्रहरूमा उत्पादन उद्योग, खानी तथा उत्खनन्, विद्युत, ग्यास तथा पानी, निर्माण, यातायात, भण्डारण तथा संचार, वित्तीय मध्यस्थता, रियलस्टेट, भाडा तथा व्यावसायिक सेवाहरू, शिक्षा, स्वास्थ्य तथा सामाजिक सेवा र अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवाहरू रहेका छन् । कुल गार्हस्थ्य उत्पादनमा चालु वर्षको क्षेत्रगत योगदानलाई चार्टमा पनि प्रस्तुत गरिएको छ ।

चार्ट १(ग) : कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान



## उपभोग

१.३० अर्थतन्त्रमा एक पक्ष वा समूहको आम्दानी भनेको अर्को पक्षको खर्च हो। खर्च तर्फबाट कुल गार्हस्थ्य उत्पादनको संरचना केलाउंदा २०५७/५८ देखि २०६६/६७ बीचको दश वर्षको अवधिमा कुल उपभोग खर्च कुल गार्हस्थ्य उत्पादनको ८८.३ प्रतिशतबाट २.३ प्रतिशत विन्दुले बढेर ९०.६ प्रतिशत र कुल स्थीर पूंजी निर्माणको अंश १९.२ प्रतिशतबाट २.१ प्रतिशत विन्दुले बढेर २१.३ प्रतिशत पुगेको छ। कुल गार्हस्थ्य उत्पादनको अंशको रुपमा वस्तु तथा सेवाको खुद निर्यात (निर्यातबाट आयात घटाउदा बांकी रहेको रकम) २०५७/५८ को ऋणात्मक १०.७ प्रतिशतबाट झण्डै २.७ गुणाले बढेर ऋणात्मक २८.८ प्रतिशत पुगेको छ।

१.३१ कुल उपभोगतर्फ यस अवधिमा कुल गार्हस्थ्य उत्पादनको अंशको रुपमा निजी क्षेत्रको उपभोग अंश १.५ प्रतिशत विन्दुले घटेर ७७.५ प्रतिशतमा झरेको छ भने सरकारी उपभोगको अंश चाहिं ३.४ प्रतिशत विन्दुले बढेर ११.५ प्रतिशत पुगेको छ। लामो सशस्त्र द्वन्द, शान्ति सम्झौता पछि लम्बिदै गएको राजनैतिक संक्रमण र यसबाट सिर्जना भएको राजनैतिक अस्थिरता सरकारी उपभोग बढ्नुका मुल कारण हुन्।

१.३२ दश वर्षको यस अवधिमा कुल गार्हस्थ्य उत्पादनसँग तुलना गर्दा वस्तु तथा सेवाको आयातको अंश ४.९ प्रतिशत विन्दुले बढी ३८.१ प्रतिशत पुग्यो भने निर्यातको अंश २२.६ प्रतिशतबाट १३.३ प्रतिशत विन्दुले घटी ९.२ प्रतिशतमा झर्ने अनुमान छ। रकममै कुरा गर्दा पनि २०५७/५८ को तुलनामा आयात तीन गुणाले बढेर २०६६/६७ मा रू. ४ खर्व ५० अर्व १९ करोड पुग्ने अनुमान छ। निर्यात चाहिं दश वर्षको अवधिमा ९.६ प्रतिशतले मात्र बढ्ने अनुमान छ। २०५७/५८ मा निर्यातले आयातको ६७.९ प्रतिशत खामेकोमा २०६६/६७ मा २४.२ प्रतिशत मात्र खाम्ने अनुमान छ।

१.३३ आर्थिक वर्ष २०६६/६७ मा स्थिर मूल्यमा कुल उपभोग ८.४ प्रतिशतले वृद्धि भई रू. ५ खर्व ६६ अर्व ५९ करोड पुग्ने अनुमान रहेको छ। अघिल्लो आर्थिक वर्ष कुल उपभोग रू. ५ खर्व २२ अर्व ९१ करोड रहेको थियो। साथै, यो रकम कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ९१.५ प्रतिशत हुन आउँदछ। आर्थिक वर्ष २०६५/६६ मा कुल गार्हस्थ्य उत्पादनको तुलनामा कुल उपभोग ८८.३ प्रतिशत थियो। कुल उपभोग मध्ये सरकारी उपभोग आर्थिक वर्ष २०६६/६७ मा ११.५ प्रतिशत हुने अनुमान छ भने गत वर्ष यो अनुपात ११.० प्रतिशत रहेको थियो। निजी क्षेत्रको उपभोगको स्वरुप हेर्दा आर्थिक वर्ष २०६६/६७ मा खाद्य उपभोगको अंश ५७.४ प्रतिशत, गैर खाद्यको २९.९ प्रतिशत र सेवाको १२.७ प्रतिशत रहेको अनुमान छ। आर्थिक वर्ष २०६५/६६ मा निजी क्षेत्रको कुल उपभोगमा खाद्य पदार्थ, गैर खाद्य पदार्थ र सेवाको अंश क्रमश: ५९.५ प्रतिशत, २८.४ प्रतिशत र १२.१ प्रतिशत थियो। विगत दुई वर्षमा निजी क्षेत्रको उपभोगको स्वरुपमा खासै परिवर्तन नभएको र कुल उपभोगमा खाद्यको नै अत्याधिक वाहुल्यता रहेको यसबाट पुष्टि हुन्छ। उपभोगको गतिशीलता (Consumption Dynamics) हेर्दा आर्थिक वर्ष २०६६/६७ मा कुल उपभोग ८.४ प्रतिशतले बढेकोमा

निजी क्षेत्रको उपभोग ७.८ प्रतिशतले र सरकारी उपभोग १३.१ प्रतिशतले बढेको अनुमान छ। आर्थिक वर्ष २०६५/६६ मा निजी तथा सरकारी उपभोग क्रमशः ५.७ प्रतिशत र ९.७ प्रतिशतले बढेको थियो। यसरी सरकारी उपभोग उल्लेख्यरुपले बढ्नुमा चालु खर्चमा भएको अत्यधिक वृद्धि हो।

**बचत**

१.३४ आर्थिक वर्ष २०६६/६७ मा प्रचलित मूल्यमा कुल गार्हस्थ्य वचत १५.० प्रतिशतले वृद्धि भई रू. १ खर्व १० अर्व ७५ करोड पुग्ने अनुमान छ। अघिल्लो वर्ष कुल गार्हस्थ्य वचत २०.१ प्रतिशतले बढेको थियो। उपभोग एवम् बचत दुवैमा वृद्धि भएतापनि गत आर्थिक वर्षमा कुल गार्हस्थ्य उत्पादनको तुलनामा ९.७ प्रतिशत रहेको वचत चालु आर्थिक वर्षमा सामान्य कमी भई ९.४ प्रतिशतमा सीमित रहने अनुमान छ। २०५७/५८ देखि २०६६/६७ बीचको दश वर्षको अवधिमा कुल गार्हस्थ्य उत्पादनको तुलनामा गार्हस्थ्य वचतको मात्रा ११.७ प्रतिशतबाट २.३ प्रतिशत विन्दुले घटेको छ।

**पुँजी निर्माण**

१.३५ आर्थिक वर्ष २०६६/६७ मा स्थिर मूल्यमा कुल पुँजी निर्माण रू. २ खर्व २८ अर्व १४ करोड हुने अनुमान छ। कुल गार्हस्थ्य उत्पादनको अनुपातमा यो अंश ३६.९ प्रतिशत हुन आउँदछ। गत वर्षको तुलनामा कुल पुँजी निर्माणको वृद्धिदर उल्लेख्यरुपमा बढेर २६.० प्रतिशत रहने अनुमान छ। गत वर्ष ९.७ प्रतिशतले वृद्धि भएको कुल पुँजी निर्माण कुल गार्हस्थ्य उत्पादनको अनुपातमा ३०.६ प्रतिशत रहेको थियो। कुल पुँजी निर्माणमा स्थिर पुँजी निर्माणको अंश आर्थिक वर्ष २०६६/६७ मा ५०.५ प्रतिशत र मौज्दात परिवर्तन ४९.५ प्रतिशत रहेको देखिन्छ। यस्तो अंश अघिल्लो आर्थिक वर्षमा क्रमशः ६०.५ प्रतिशत र ३९.५ प्रतिशत थियो। कुल पुँजी निर्माणमा मौज्दातको अंश बढ्नुले लगानीको दक्षता र उचित व्यवस्थापन गर्ने क्षमतामा ह्रास आएको स्थितिलाई संकेत गर्दछ। कुल स्थिर पुँजी निर्माण मध्ये आर्थिक वर्ष २०६६/६७ मा सरकारको अंश २१.८ प्रतिशत र निजी क्षेत्रको अंश ७८.२ प्रतिशत रहेको अनुमान छ। अघिल्लो आर्थिक वर्षमा यस्तो अंश २०.२ प्रतिशत र निजी क्षेत्रको अंश ७९.८ प्रतिशत थियो। यसरी आर्थिक वर्ष २०६६/६७ मा स्थिर पुँजी निर्माणमा सरकारी क्षेत्रको सहभागितामा बढोत्तरी र निजी क्षेत्रको सहभागितामा कमी भएको स्पष्ट देखिन्छ। कुल स्थिर पुँजी निर्माणमा निजी क्षेत्रको अंश घट्नुले माथि भनिए झैं प्रतिकूल लगानी वातावरणको स्थितिलाई पुष्टि गर्दछ।

**वस्तु तथा सेवाको खुद निर्यात**

१.३६ आर्थिक वर्ष २०६६/६७ मा स्थिर मूल्यमा वस्तु तथा सेवाको आयात रू. २ खर्व ४५ अर्व ४ करोड भएको अनुमान छ भने निर्यात रू. ६९ अर्व ३५ करोड भएको अनुमान छ। फलस्वरुप चालु वर्षमा स्थिर मूल्यमा व्यापार घाटा रू. १ खर्व ७५ अर्व ६९ करोड पुग्ने देखिन्छ। गत वर्ष २०.० प्रतिशतले स्थिर मूल्यमा वृद्धि भएको व्यापार घाटा

समीक्षा अवधिमा ५६.९ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०६६/६७ मा व्यापार घाटा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा २८.४ प्रतिशत हुन आउँदछ। गत आर्थिक वर्षमा यस्तो घाटा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा १८.९ प्रतिशत मात्र थियो। आयातमा भएको तिव्र वृद्धि र निर्यातमा भएको कमीले गर्दा व्यापार घाटामा उल्लेख्य वृद्धि भएको हो। चालु आर्थिक वर्षमा स्थिर मूल्यमा वस्तु तथा सेवा आयातको ३०.७ प्रतिशत अंश वस्तु तथा सेवाको निर्यातले थेग्न सक्ने देखिएको छ। गत आर्थिक वर्ष यस्तो क्षमता २८.३ प्रतिशत थियो। आर्थिक वर्ष २०६६/६७ मा सेवा निर्यातबाट प्राप्त आय १०.९ प्रतिशतले र यस क्षेत्रतर्फको खर्च पनि १०.७ प्रतिशतले ह्रास आउने अनुमान छ। गत वर्ष सेवा निर्यातबाट प्राप्त आय १०.३ प्रतिशतले आयात वापतको खर्च ५.९ प्रतिशतले वृद्धि भएको थियो।

**खर्चयोग्य आम्दानी**

१.३७ नेपालमा राष्ट्रिय लेखाको विवेचना गर्दा कुल गार्हस्थ्य उत्पादनलाई मात्र आधार मान्ने चलन छ। विगत एक दशक यता नेपालको राष्ट्रिय अर्थतन्त्रमा विप्रेषण आप्रवाह निरन्तररुपमा बढिरहेको छ। तसर्थ, नेपाली जनताको खर्चयोग्य आम्दानी कुल गार्हस्थ्य उत्पादन भन्दा बढी हुन्छ। नेपालीले मुलुकभित्र कमाएको आयमा विदेशबाट कमाएको खुद आय जोड्दा हुने योगलाई कुल राष्ट्रिय खर्चयोग्य आम्दानी भनिन्छ। प्रचलित मूल्यमा २०६६/६७ मा कुल गार्हस्थ्य उत्पादन १९.३ प्रतिशतले र कुल राष्ट्रिय खर्चयोग्य आम्दानी १८.१ प्रतिशतले बढ्ने अनुमान छ। आर्थिक वर्ष २०६५/६६ मा कुल गार्हस्थ्य उत्पादन २१.५ प्रतिशतले र कुल राष्ट्रिय खर्चयोग्य आम्दनी २४.५ प्रतिशतले बढेको थियो। आर्थिक वर्ष २०६६/६७ को कुल गार्हस्थ्य उत्पादन उक्त वर्षको कुल राष्ट्रिय खर्चयोग्य आम्दानीको ८०.० प्रतिशत हुने अनुमान छ।

१.३८ कुल राष्ट्रिय खर्चयोग्य आम्दानीलाई आधार मानी हेर्दा कुल उपभोग अनुपात ७२.५ प्रतिशत र कुल राष्ट्रिय बचत २७.५ प्रतिशत हुन आउँछ। आर्थिक वर्ष २०६५/६६ मा यस्तो उपयोग र बचत अनुपात क्रमशः ७१.५ प्रतिशत र २८.५ प्रतिशत थिए। यसैगरी आर्थिक वर्ष २०६५/६६ र २०६६/६७ मा कुल गार्हस्थ्य बचत, कुल राष्ट्रिय खर्चयोग्य आम्दानीको क्रमशः ७.७ प्रतिशत र ७.५ प्रतिशत थियो। स्मरणीय छ, कुल गार्हस्थ्य उत्पादनको अनुपातको रुपमा यी दुई वर्ष कुल गार्हस्थ्य बचत क्रमशः ९.८ प्रतिशत र ९.४ प्रतिशत थियो। वार्षिक वृद्धिदरको प्रवृत्ति हेर्दा २०६६/६७ मा कुल राष्ट्रिय खर्चयोग्य आम्दानी, उपभोग र बचत सबैको वृद्धिदर २०६५/६६ भन्दा घटेका छन्। कुल खर्चयोग्य आम्दानीको वृद्धिदर भन्दा कुल उपभोगको वृद्धिदर उच्च छ भने बचतको वृद्धिदर कम छ। यसले के देखाउँछ भने बढेको सीमान्त आम्दानीको ठूलो हिस्सा उपभोग मै जाने गरेको छ।

१.३९ राष्ट्रिय लेखा तथ्याङ्कबाट राष्ट्रिय उत्पादनमा संलग्न विभिन्न वर्गबीच कुल आम्दानीको वितरणको स्थिति र समय क्रममा यस्तो वितरणको गतिशीलता पनि हेर्न सकिन्छ। यस दृष्टिकोणबाट हेर्दा आर्थिक वर्ष २०६६/६७ को प्रचलित मूल्यको कुल राष्ट्रिय खर्च

योग्य आम्दानी रू. १४ खर्ब ७९ अर्ब १० करोड १० लाखमध्ये कामदारले तलब भत्ता वापत रू. ४ खर्ब १६ अर्ब ९१ करोड ४० लाख पाएका थिए भने व्यावसायीले कुल नाफा वा मिश्रित आय स्वरुप रू. ६ खर्ब ५७ अर्ब ४१ करोड ६० लाख पाएका थिए। प्रतिशतको हिसाबमा कामदारको अंश २८.२ प्रतिशत र व्यावसायीको अंश ४४.४ प्रतिशत हुन आउँछ। आर्थिक वर्ष २०५७/५८ को कुल राष्ट्रिय खर्चयोग्य आम्दानीमध्ये कामदारको भागमा ३९.१ प्रतिशत र व्यवसायीको भागमा ४२.२ प्रतिशत हिस्सा परेको थियो। यसरी ९ वर्षको अवधिमा कुल आम्दानीमा कामदारको अंश १०.९ प्रतिशत विन्दुले घटेको छ भने व्यवसायीको अंश २.२ प्रतिशत विन्दुले बढेको छ।